DeKalb County
School District

Digital Dreamers
Learning Through Innovative Technology

# Digital Dreamers उपकरण प्रयोगकर्ता सम्झौता SY23-24

DeKalb County School District ले किन्डरगार्टन देखि ग्रेड 12 का विद्यार्थीहरूलाई शैक्षिक वर्ष (SY 2023-2024) का दौडान चलाउनको लागि एउटा क्रोमबुक (Chromebook) दिनेछ । क्रोमबुक DCSD (DeKalb County School District) को सम्पत्ति हो र विद्यार्थी डिस्ट्रिक्टबाट निस्किँदा र/वा वर्षको अन्त्यको सङ्कलन प्रक्रियामा फिर्ता गर्नु पर्दछ ।

*आमाबाबु र विद्यार्थीहरूले पढ्न, हस्ताक्षर गर्न र यस कागजातको साथसाथै विद्यालयमा कक्षाकोठा तथा विद्यालय डिस्ट्रिक्टको व्यवहार र प्रविधिको प्रयोगसँग सम्बन्धित नीति र कार्यविधिहरूमा रहेका निर्देशिकाहरू पालना गर्न आवश्यक हुन्छ ।

सम्पर्क व्यक्ति: तपाईंसँग कुनै पनि प्रश्न वा जिज्ञासाहरू छन् भने कृपया आफ्नो स्कूल प्रशासनलाई सम्पर्क गर्नुहोस् ।

## क्रोमबुक सम्झौता

डिभाइस प्राप्त गर्ने तरिका

डिभाइस प्रदान गरिनुअघि नै अभिभावक र विद्यार्थीले अनिवार्य रूपमा यस सम्झौतामा हस्ताक्षर गरी फिर्ता पठाउनुपर्छ ।

डिभाइस फिर्ता गर्ने तरिका

विद्यालय वर्षको अन्त्यमा डिभाइसहरू विद्यालयमा फिर्ता गरिनेछ । DCSD द्वारा उपलब्ध गराइएका डिभाइसहरूको प्रयोग कुनै पनि व्यक्तिलाई हस्तान्तरण गर्न मिल्दैन र विद्यार्थीहरू विद्यालयबाट बाहिर निस्केपछि डिभाइस प्रयोग गर्ने अनुमति पनि समाप्त हुन्छ ।

कुनै पनि कारणले विद्यार्थीलाई स्कूलबाट ट्रान्सफर गरियो, उसको भर्ना फिर्ता लिइयो, उसलाई निष्कासित गरियो वा उसको भर्ना समाप्त गरियो भने विद्यार्थीले आफूसँग भएको डिभाइस सोही दिन फिर्ता गर्नुपर्छ ।

उपकरण फिर्ता गर्न विफल भएका विद्यार्थीले नयाँ उपकरण तथा उपकरणका अन्य कुनै पनि समानहरू किन्दा लाग्ने खर्च बापतको $ 454.23 सम्मको रकम भुक्तानी गर्नु पर्ने हुनसक्छ

क्षतिपूर्ति र नोक्सान

यदि कुनै डिभाइस विद्यार्थीलाई प्रदान गरिएको समयमा जानाजान वा लापरवाहीका कारण बिग्रियो, हरायो वा चोरी भयो भने, विद्यार्थी तथा उसका आमाबाबु/अभिभावक यस कागजातमा उल्लेख गरिएका जरिवारनाहरू तिर्नका लागि उत्तरदायी हुनेछन् ।

लापरवाह

कुनै उपकरण एउटै शैक्षिक वर्षमा धेरै पटक बिग्रिएको खण्डमा डिस्ट्रिक्टको प्रशासनले क्रोमबुक प्रतिस्थापन गर्दा लाग्ने $454.23 सम्मको शुल्क सहित अन्य कारबाही निर्धारण गर्नेछ ।

जिम्मेवार डिभाइस प्रयोग

डिस्ट्रिक्टले प्रदान गरेका डिभाइस सबै प्रयोगकर्ताहरूले डिस्ट्रिक्टको नीति तथा सञ्चालन सम्बन्धी मार्गदर्शनहरू *IFBGA*मा उल्लिखित अपेक्षाहरू अनुरूप डिभाइसको प्रयोग गर्नुपर्छ: *इन्टरप्राइज नेटवर्कको जिम्मेवारीपूर्ण प्रयोग, JD: विद्यार्थीको अनुशासन/विद्यार्थीको आचार संहिता,* र *JS: विद्यार्थीले तिर्नुपर्ने जरिवाना, शुल्क तथा खर्चहरू* ।यी अपेक्षाहरूको पालना गर्न नसक्ने विद्यार्थीलाई अनुशासनात्मक कारबाही हुन सक्नेछ । डिस्ट्रिक्टका सबै नीतिहरू www.dekalbschoolsga.org मा भेट्न सकिन्छ ।

विद्यालय परिसर बन्द हुँदा, आमाबाबु/अभिभावकहरू विद्यार्थीको डिभाइस प्रयोगमा निगरानी गर्नको लागि पूर्ण रूपमा जिम्मेवार हुन्छन् । विद्यार्थीले कुनै पनि किसिमको अनुचित व्यवहार देखाउन वा कुनै पनि स्थानबाट कुनै पनि समयमा डिभाइस प्रयोग गरेर निषेधित सामग्रीहरू माथि पहुँच गर्न पाउने छैन । विद्यालयको परिसरमा होस् वा बाहिर, विद्यार्थीहरूले अनुपयुक्त गतिविधिहरूका लागि डिभाइस प्रयोग गरेमा तिनीहरूलाई अनुशासनात्मक र/वा कानुनी कारबाही गरिनेछ ।

गोपनीयता

डिस्ट्रिक्टद्वारा जारी गरिएको डिभाइस DCSD को सम्पत्तिको रूपमा रहनेछ । त्यसैले, डिभाइसमा गरिएका कुनै पनि कुरा गोपनीय हुँदैन । यसको मतलब DCSD को कर्मचारीले कुनै पनि हालतमा कुनै डिस्ट्रिक्टद्वारा जारी गरिएको इलेक्ट्रोनिक डिभाइसको सामग्रीहरू जफत गर्न र खोज्न सक्छन्। हराएको वा चोरी भएको घटनामा, क्रोमबुकलाई निष्क्रिय गरिनेछ।

DeKalb County School District ले Children's Online Privacy Protection Act (COPPA), Children's Internet Protection Act (CIPA), र Family Education Rights and Privacy Act (FERPA) का सबै पक्षहरूलाई सम्मान गर्छ ।

DeKalb County School District ले विद्यार्थीको गृह नेटवर्क, डिभाइसहरू वा इन्टरनेट जडानको निगरानी गर्दैन । डिस्ट्रिक्टले डिस्ट्रिक्टद्वारा जारी गरिएका डिभाइसहरूको प्रयोगमा निगरानी गर्छ । साथै, DCSD ले डिभाइस हराएको वा चोरी भएको घटनामा डिस्ट्रिक्टद्वारा जारी गरिएका डिभाइसहरूको स्थान ट्र्याक गर्छ ।

एप्लिकेसनहरू

DeKalb काउण्टी स्कूल डिस्ट्रिक्टले मुख्य एप्लिकेसनहरूको अनुसन्धान गरेको छ जसलाई प्रत्येक डिभाइसमा पूर्व-स्थापित गरिनेछ। अध्ययनमा सहायता गर्न वर्षैभरी अतिरिक्त एप्लिकेसनहरू थप्न सकिनेछ। DeKalb काउण्टी स्कूल डिस्ट्रिक्ट एप्लिकेसनहरूको खरिद र स्थापनाका लागि जिम्मेवार हुनेछ।

डिस्ट्रिक्टद्वारा जारी गरिएको डिभाइसबाट अधिकृत विद्यालयको अधिकारी बाहेक अन्य कसैले एप्लिकेसनहरू थप्न वा मेटाउन सक्दैन। विद्यार्थीलाई डिभाइसमा सेट गरिएका "प्रतिबन्धहरू हटाउने" तथा डिभाइसलाई ह्याक गर्ने अनुमति छैन।

डिभाइस बिग्रिँदा, हराउँदा वा चोरी हुँदा लाग्ने जरिवानाहरू

यदि विद्यार्थीलाई हस्तान्तरण गरिएको समय अवधिमा कुनै पनि कारणले गर्दा डिभाइस र वा सामग्रीहरू हराएको वा चोरी भएका छन् भने, जानबुझेर होस् वा लापरवाहीको कारणले गर्दा होस्, विद्यार्थी र आमाबाबु/अभिभावक निम्नलिखित शुल्कहरूका लागि जिम्मेवार हुन्छन्:

क्रोमबुक उपकरणहरूको हकमा क्रोमबुक/सामानहरू बदल्दा लाग्ने खर्च

| | |
|---|---|
| हराएको/चोरी भएको/मर्मत गर्न नसकिने गरी क्षतिग्रस्त भएको | • $ 454.23 |
| क्षतिग्रस्त - मर्मतयोग्य | • घरमा नै मर्मत गर्न सकिने विकल्प छ वा छैन भनी निर्धारण गर्न DCSD टोलीद्वारा बिग्रिएका डिभाइसहरूको मूल्याङ्कन गरिनेछ । यदि मर्मत गर्न नसकिने गरी बिग्रिएको रहेछ छ भने नयाँ किन्दा जति खर्च लाग्छ त्यति नै खर्च आवश्यक हुनेछ । माथि हेर्नुहोस् । |
| सहायक सामग्रीहरू मात्र | • Acer Spin511, 311 र 712 पावर एडेप्टर $41.00<br>• Acer Chrome Tab 10 को पावर एडेप्टर $41.00<br>• क्रोमबुक गम ड्रप केस $15.42 |

** पूर्ण प्रतिस्थापन शुल्कमा डिभाइस, सम्पूर्ण सहायक उपकरण, सफ्टवेयर लाइसेन्स र सेटअपमा लाग्ने खर्च समावेश हुन्छ /*

चोरी:

यदि विद्यार्थीलाई डिभाइस जारी गरिएको अवधिमा यो चोरी हुन्छ भने, निम्नका लागि आमाबाबु/अभिभावकलाई उत्तरदायी ठहर गरिनेछ:

- विद्यालय नर्सलाई सूचित गर्न
- प्रहरीमा रिपोर्ट गर्न
- पूरै प्रतिस्थापन शुल्क भुक्तान गर्न

स्कूलबाट स्थानान्तरण/रद्द गरिंदा डिभाइस वा सहायक सामग्री फिर्ता गर्न असफल:

कुनै विद्यार्थी डिस्ट्रिक्टबाट अन्तै गए वा निस्किए र उनले उपकरण तथा सहायक सामाग्रीहरू फिर्ता गर्न सकेनन् भने, उनी क्रोमबुक तथा गम ड्रप केसको लागि $454.23 सम्मको रकम (पूर्ण प्रतिस्थापन शुल्क) भुक्तानी गर्न जिम्मेवार हुन्छ ।

## आमाबाबुको अनुमति र खुलासा

यस सम्झौतामा हस्ताक्षर गरेर तपाईंले यस कागजातमा भएका मार्गनिर्देशनहरू पढ्नुभएको र बुझ्नुभएको संकेत गर्नुहुन्छ र तपाईंको विद्यार्थीलाई डिभाइस जारी गरिएको स्वीकार गर्नुहुन्छ । तपाईं क्रोमबुकहरू DCSD को सम्पत्ति रहन्छ र डिस्ट्रिक्टबाट फिर्ता हुँदा र/वा वर्षको अन्त्यमा सङ्कलन प्रक्रियामा फिर्ता गर्नुपर्छ भनी बुझ्नुहुन्छ। यन्त्र र सहायक सामग्रीहरू तपाईंको बच्चाको साथमा हुँदा क्षति भएमा, हराएमा वा चोरी भएमा यसका लागि तपाईंको विद्यार्थी उत्तरदायी हुन्छ भनी बुझ्नुहुन्छ र यस कागजातमा उल्लेख गरिएका जरिवाना शुल्कहरूमा सहमत हुनुहुन्छ ।

तपाईं स्कूल परिसर बाहिर विद्यार्थीको डिभाइस प्रयोग र कुनै पनि वायरलेस नेटवर्क मार्फत पहुँच गरिने सामग्रीको निगरानी राख्ने जिम्मेवारी केवल आफ्नो हो भन्ने कुरा बुझ्नुहुन्छ र यसो गर्नका लागि सहमत हुनुहुन्छ। तपाईं चाहे स्कूल परिसरमा होस् वा बाहिर, विद्यार्थीले अनुचित तथा निषेधित गतिविधिहरूका लागि आफ्नो डिभाइस प्रयोग गरेमा उसलाई अनुशासनात्मक कारवाही गरिनेछ भन्ने कुरा बुझ्नुहुन्छ।

तपाईं र तपाईंको विद्यार्थीले उपकरणको दुरूपयोग, दुर्व्यवहार, हेरफेर, ह्याकिङ वा तोडमोडका कारण हुने जानीजानी वा अन्जानमा गरिएको क्षतिका लागि DeKalb County School District उत्तरदायी छैन भन्ने कुरामा सहमति जनाउनुहुन्छ । DeKalb County School District को इन्टरनेटको स्वीकार्य प्रयोग सम्झौताको अनुपालन नगर्ने कुनै पनि विद्यार्थी प्रयोगकर्तालाई स्थानीय स्कूल प्रशासनद्वारा लागू गरिएका अनुशासनात्मक मापनहरूको अधीनमा राखिनेछ । विद्यार्थीले गर्ने उल्लङ्घनहरूका कारण उचित अनुशासनात्मक कार्यवाही गरिनुका साथै उपलब्ध गराइएका पहुँच सुविधाहरू निलम्बन वा खारेज गर्न सकिनेछ ।

आमाबाबु/अभिभावकको नाम

(कृपया पूरा नाम लेख्नुहोस्): ______________________________________________

आमाबाबु/अभिभावकको हस्ताक्षर: ________________________________ मिति: __________

# <u>विद्यार्थी सम्झौता तथा हस्ताक्षर</u>

1. म मेरो स्कूलले जारी गरेको डिभाइसको ख्याल राख्नेछु ।
    a. क्षति हुन नदिन कर्ड र केबलहरू ध्यान दिएर डिभाइसमा जोड्नुपर्छ ।
    b. डिभाइसहरूलाई लक नगरिएको लकर, कार वा निरीक्षण नहुने कुनै पनि क्षेत्रमा कहिल्यै छोड्नु हुँदैन ।
    c. Incident IQ - विद्यार्थीको हेल्पडेस्क पोर्टल मार्फत कुनै पनि सफ्टवेयर/हार्डवेयर समस्याहरू बारे रिपोर्ट गर्नुहोस् ।
    d. प्रयोगमा नहुँदा डिभाइसलाई सुरक्षित, तापक्रम नियन्त्रित वातावरणमा राख्नुहोस् ।
2. म स्कूलले मलाई दिएको डिभाइस कहिल्यै पनि अरूलाई सापटी दिने छैन ।
3. म खाना र पेय पदार्थलाई डिभाइसबाट टाढा राख्नेछु ।
4. म मेरो वा स्कूलबाट दिइएको कुनै पनि डिभाइसको पाटपूर्जा खोल्ने, प्रतिबन्धित वस्तुहरू खोल्ने वा ह्याक गर्नेछैन ।
5. म आफ्नो उपकरण मर्मत गर्न प्रयास गर्ने छैन ।
6. म मेरो स्कूलले मलाई जारी गरेको डिभाइसलाई उपलब्ध गराइएको केसमा राखेर यसको सुरक्षा गर्नेछु ।
7. म स्कूलले दिएको आफ्नो डिभाइसलाई चाहे स्कूलमा होस्, घरमा होस् वा कहीँ पनि होस्, उपयुक्त ढङ्गले र स्कूलले गरेको अपेक्षाहरू अनुसार प्रयोग गर्नेछु। यदि म मेरो डिभाइसको अनुचित रूपमा प्रयोग गर्छु भने, म स्कूलद्वारा गरिने अनुशासनात्मक कार्यवाहीहरूको भागीदार हुनेछु ।
8. म विद्यालयद्वारा जारी गरिएको उपकरणमा सजावट सामाग्री (स्टिकर, मार्कर, आदि) राख्ने छुइनँ । म स्कूलले दिएको कुनै पनि डिभाइसमा भएको सिरियल नम्बरको स्टिकरलाई कोर्नेछैन ।
9. म बुझ्दछु कि स्कूलले जारी गरेको डिभाइसको बिना सूचना कुनै पनि समयमा निरीक्षण र लेखा परीक्षण हुन्छ । मैले डिभाइसमा वा डिभाइसलाई गर्ने <u>कुनै पनि कुरा</u> गोप्य हुँदैन ।
10. म शिक्षक वा मेरो स्कूलका ठूला व्यक्ति वा मेरा आमाबाबु/अभिभावक बाहेकका अन्य कसैलाई पनि आफ्नो पासवर्ड(हरू) दिने छैन ।
11. म बुझ्दछु कि क्रोमबुकहरू DCSD को सम्पत्ति रहन्छन् र डिस्ट्रिक्टबाट फिर्ता हुँदा र/वा शैक्षिक वर्षको अन्त्यमा सङ्कलन प्रक्रियामा फिर्ता गर्नुपर्छ।
12. म बुझ्दछु कि यदि मेरो डिभाइसमा क्षति हुन्छ वा यसलाई हराउँछु वा यो चोरी हुन्छ भने, म यस डिभाइसको प्रतिस्थापन शुल्क भुक्तान गर्न बाध्य हुन्छु ।

म डिभाइस प्रयोगकर्ता सम्झौता र विद्यार्थी सम्झौतामा तय गरिएका नियमहरूमा सहमति जनाउँछु ।

विद्यार्थीको नाम (कृपया पूरा नाम लेख्नुहोस्): ______________________________________________

विद्यार्थीको हस्ताक्षर: ______________________________________________ मिति: __________